**नेपाल सरकार**

**गृह मन्त्रालय**

**प्रहरी प्रधान कार्यालय**

**प्रहरी कल्याण कोष,नक्साल,काठमाण्डौं**

**सुचना प्रकाशित मिति :–२०७८।०४।०७ गते**

## सटर कोठा भाडामा लिने/दिने सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रहरी कल्याण कोषद्धारा संचालित भृकुटीमण्डप काठमाण्डौं स्थित सपिङ्ग कम्प्लेक्स भाडामा लगाउनु पर्ने भएको हुंदा निम्नानुसारको शर्त अनुसार उक्त सपिङ्ग कप्लेक्समा रहेको सटर तथा कोठाहरु भाडामा लिई व्यवसाय/कार्यालय संचालन गर्न ईच्छुक संघ संस्था वा व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०७८।०४।२१ गते भित्र प्रस्ताव पत्र खरिद गरी १६ औं दिन अर्थात मिति २०७८।०४।२२ गतेको १२:०० बजे भित्र शिलबन्दी प्रस्ताव पेश गर्नु हुन आव्हान गरिएको छ।

१) प्रस्तावकर्ताले सटर /कोठा रहेको स्थानको अवलोकन गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

२) रा.बा.बैंक टंगालमा प्रहरी कल्याण कोषको नाउँमा रहेको खाता नं. ११६०१००००१७८७००१ मा रु.१०००।– (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा बुझाइ प्रस्ताव पत्र खरिद गर्न सकिने छ।

३) सटर/कोठा भाडामा लिने सम्बन्धि शर्तको विस्तृत बिवरण प्रस्ताव पत्रमा उल्लेख गरिएको छ।

४) सटर/कोठाको आवश्यक मर्मत कार्य तथा फर्निचर सहितको अन्य भौतिक तयारीको सम्पुर्ण खर्च प्रस्तावदाता स्वयंमले गर्नुपर्नेछ।

५) भाडा सम्झौता ५ बर्ष अवधीको रहनेछ। भाडा प्रत्येक बर्ष १०% (दश प्रतिशत)का दरले बृद्धी गरिनेछ र बृद्धिदर को आधार शुरुको कबोल अंकको हुनेछ।

६) भाडा प्रस्ताव पेश गर्दा मासिक भाडा रकम खुलेको निवेदन, नागरिकताको प्रमाणित प्रतिलीपी (संस्था/फर्म भएमा फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा प्यान भ्याट दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत), व्यवसाय संचालन योजना, लगायत आफुले कबोल गरेको मासिक भाडा रकम बराबर ३ महिनाको भाडा रकम रा.बा.बैंक टंगालमा प्रहरी कल्याण कोषको नाममा रहेको खाता नं.११६०१००००१७८७००१ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक जमानत लगायतका कागजातहरु अनिवार्य रुपमा संलग्न गरी शिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

७) तोकिएको म्याद भित्र दर्ता हुने प्रस्तावहरु १६औं दिन अर्थात मिति २०७८।०४।२२ गते १४:०० बजे प्रहरी प्रधान कार्यालयमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा प्रस्ताव खोलिनेछ।

८) भाडामा लगाईने उक्त सटर कोठाहरुको बिवरण प्रस्ताव पत्रमा उल्लेख गरिएको छ।

९) न्युनतम मासिक भाडा बिवरणः

| सि.नं. | सटर नं | मासिक न्युनतम भाडा दर |
|---|---|---|
| १ | ४ | २७९५१.०० |
| २ | ५ | ४९२४७.०० |
| ३ | ७ | ३६६७०.३८ |
| ४ | ९ | ३४००८.३८ |
| ५ | ११ | ५०५७८.०० |

| सि.नं. | कोठा नं | मासिक न्युनतम भाडा दर |
|---|---|---|
| १ | १ | १६१०५.१ |
| २ | २ | ९४५०.१ |
| ३ | ३ | ६३८८.८ |
| ४ | ४ | ९४५०.१ |
| ५ | ५ | १३३११.३३ |
| ६ | १० | ५७७५.२१ |

| सि.नं. | कोठा नं | मासिक न्युनतम भाडा दर |
|---|---|---|
| ७ | ११ | १४७८७.४१ |
| ८ | १२ | २०१११.४१ |
| ९ | १४ | ८६५१.५ |
| १० | १५ | ८३८५.३० |
| ११ | १७ | ६६५६.३३ |
| १२ | १८ | ६६५६.३३ |

१०) प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार प्रहरी कल्याण कोषमा सुरक्षित रहने छ। प्रस्ताव सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको सम्पर्क नं.०१–४४१८५२०/४४११२८३ र ४४२२३७६० मा सम्पर्क गर्न सकिने छ।